## पांचौ बैठक

आज मिति २०८१।०८।२४ गते सोमबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री बुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री बिष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

अन्य उपस्थिति :

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २३. | श्री जुना पाण्डे | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | श्री राम बहादुर थापा | कृषि अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | शेषकान्त घिमिरे | कम्प्युटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | चिरन्जीवी भुसाल | सूचना प्रविधी अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २७. | सुनिता पोख्रेल | लेखा सहायक | ,, | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. मौरी पकेट कार्यक्रम संचालन सम्बन्धमा ।
३. सतिघाटको बाँझोजग्गा सम्बन्धमा ।
४. नवप्रवर्द्धन कार्यक्रमको सम्बन्धमा ।
५. विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- सडकबोर्ड नेपाल, मिनभवन, काठमाण्डौको च.नं.४४० मिति २०८१/०६/१३ गतेको पत्रबाट भूमिकास्थान नगरपालिकाको लागि सडकबोर्ड नेपालबाट रु. ४९,००,०००। बजेट स्वीकृत भएकोमा यस नगरपालिकाबाट सहमतिको लागि सडक बोर्ड नेपाल, मिनभवन काठमाण्डौमा पठाउने निर्णय भए बमोजिम सहमतिको लागि सम्वन्धित निकायमा पत्र पठाइ सकिएको ।
- नगरपालिकाको क्षेत्रभित्र पर्ने झिमुकखोला/दुर्वाङ्खोला र खाकावेशी खोलाको आ.ब.२०८१/०८२ र २०८२/०८३ को प्रारम्भिक वातावरणीय परीक्षण(IEE) को स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको अधिनमा रही तत्काल ठेक्का बन्दोबस्तीको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय भए बमोजिम आय ठेक्काको लागि सूचना प्रकाशन गरिएकोमा कुनैपनि निवेदन प्राप्त नभएको ।
- **भूमिकास्थान नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधी, २०८१** लाई स्वीकृत भएकोमा उक्त कार्यविधीलाई राजपत्रमा प्रकाशन गर्ने प्रक्रियामा रहेको ।
- भूमिकास्थान नगरपालिकाको **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता, २०८१** स्वीकृत पश्चात एक जानकारी मूलक कार्यक्रम संचालन भै सकेको ।
- संघीय सरकार सशर्त अनुदानबाट आर्थिक वर्ष २०८१/०८२ मा नयां मौरी पकेट विकास कार्यक्रम संचालन शिर्षकमा प्राप्त बजेटबाट कार्यक्रम कार्यान्वयन हुने गरी कार्यालयबाट प्रस्ताव आव्हावन गरिएकोमा भूमिकास्थान नगरपालिका वडा नं. १ र २ को गिठाखोलामा मौरी पकेट संचालन गर्न मापदण्ड पुरा भएको र प्रस्ताव पेश भएको वडा नं. ५ र ६ मा पुन फिल्ड भेरीफिकेसन गरी निर्णय लिने भनिएकोमा कृषि शाखाबाट उक्त कार्य भै प्रतिवेदन पेश भै सकेको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकार सशर्त अनुदानबाट आर्थिक वर्ष २०८१/०८२ मा नयां मौरी पकेट विकास कार्यक्रम संचालन शिर्षकमा प्राप्त बजेटबाट कार्यक्रम कार्यान्वयन हुने गरी कार्यालयबाट प्रस्ताव आव्हावन गरिएकोमा भूमिकास्थान नगरपालिका वडा नं. १ र २ को गिठाखोला तथा वडा नं.५ र ६ मा मौरी पकेट संचालन गर्ने गरी तपसिलका संस्थाहरुबाट प्रस्ताव पेश भएको र कृषि शाखाबाट गरिएको फिल्ड भेरीफिकेशनमा दुवै क्षेत्रमा तोकीएको मापदण्ड पुरा हुने प्रतिवेदन प्राप्त भएकोले तपसिल बमोजिमका दुवै क्षेत्रमा मौरी पकेट विकास कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा नवप्रवर्द्धन कार्यक्रम संचालनको लागि कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यविधीको अधिनमा रही भूमिकास्थान नगरपालिका वडा नं. ५ को सतिघाटको बाँझोजग्गामा खेति गर्नको लागि जग्गाधनिहरु संग सम्झौता गरी कर्मशील जनशक्तिहरुलाई परिचालन गरी आर्थिक वर्ष २०८१/०८२ देखि नै कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा नवप्रवर्द्धन कार्यक्रमको हालसम्मको प्रगतिको सन्दर्भमा छलफल गरियो र कर्मशील जनशक्ति कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि कर्मशिल जनशक्ति रोजगार आयआर्जन कार्यक्रम संचालन हुने वडाहरुको लागि हाललाई ५ वटा सुपरभाईजरको व्यवस्था गर्नको लागि सम्बन्धित वडाहरुलाई जिम्मा दिने । यसको लागि सूचीकृत बेरोजगारहरु मध्येबाट न्यूनतम शैक्षिक योग्यता एसएलसी उत्तिर्ण भएको हुनुपर्ने गरी सम्बन्धित वडाले छनौट गरी नगरपालिकामा सिफारिश गरी पठाउने निर्णय गरियो । माथि अकबरे खुर्सानीको मूल्य रु. १२० भएकोमा आजको मिति देखि रु. १५० निर्धारण गर्ने र सानडेभामा उत्पादित कोदो को मूल्य प्रति के.जी. रु. ८० र भटमासको मूल्य प्रति के.जी. रु.१३० निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका भित्र रहेका सामुदायिक वनहरुलाई नगरपालिकामा सूचीकरणको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।